# समुदायमा आधारित सुक्ष्म स्वास्थ्य सेवा कार्यक्रम
# संचालन कार्यविधी, २०७५

प्रमाणिकरण मिति : २०७५/११/१२

## चन्द्रकोट गाउँपालिका

## गाउँकार्यपालिकाको कार्यालय,

शान्तिपुर, गुल्मी,५ न. प्रदेश, नेपाल

## समुदायमा आधारित सुक्ष्म स्वास्थ्य सेवा कार्यक्रम संचालन कार्यविधि, २०७५

यस गाउँपालिकाको स्वास्थ्य शाखा मार्फत संचालन हुने समुदायमा आधारित सुक्ष्म स्वास्थ्य सेवा कार्यक्रमलाई ब्यबस्थित एवम प्रभावकारी रुपमा संचालन गर्न चन्द्रकोट गाउँकार्यपालिकाले यो कार्यविधि बनाई लागु गरेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ :

१.१ यो कार्यविधिको नाम " समुदायमा आधारित सुक्ष्म स्वास्थ्य सेवा कार्यक्रम संचालन कार्यविधि, २०७५ " रहेको छ।

१.२ यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

२. परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :

२.१ " गाउँपालिका " भन्नाले चन्द्रकोट गाउँपालिका सम्झनु पर्दछ।

२.२ " शाखा " भन्नाले चन्द्रकोट गाउँपालिकाको स्वास्थ्य शाखा सम्झनु पर्दछ।

२.३ " अनुगमन समिति " भन्नाले चन्द्रकोट गाउँपालिकामा गठित स्वास्थ्य सेवा अनुगमन समितिलाई सम्झनु पर्दछ।

२.४ "कार्यविधि" भन्नाले समुदायमा आधारित सुक्ष्म स्वास्थ्य सेवा कार्यक्रम संचालन कार्यविधि, २०७५ सम्झनु पर्दछ।

२.५ " स्वास्थ्य संस्था " भन्नाले सरकारी स्तरबाट संचालित स्वास्थ्य चौकी तथा सामुदायिक स्वास्थ्य इकाईलाई सम्झनु पर्दछ।

२.६ " कार्यक्रम " भन्नाले स्वास्थ्य कार्यक्रमलाई सम्झनु पर्दछ।

३. कार्यविधिका उदेश्य :

३.१ कार्यक्रमलाई प्रभावकारी रुपमा संचालन गर्न सहयोग पुराउने।

३.२ स्वास्थ्य सेवा लाई समुदायको सहज पहुँचमा हुने गरी संचालन गर्न सहयोग पुराउने ।

३.३ यस गाउँपालिकामा बसोबास गर्ने महिला, बालबालिका, वृद्ध, असहाय तथा सम्पूर्णको स्वास्थ्य अवस्थालाई सुधार गर्दै, सर्ने तथा नसर्ने रोगको प्रभावलाई न्यूनीकरण गर्न सहयोग पुराउने।

३.४ कार्यक्रम संचालनमा आर्थिक पारदर्शीता कायम राख्न सहयोग पुराउने।

**४. कार्यक्रम संचालन विधिहरु :**

४.१ स्वास्थ्य सेवाको पहुँच कम भएका समुदायमा यो कार्यक्रम संचालन गरिनेछ ।

४.२ कार्यक्रम संचालन गर्दा सम्बन्धित वडाका स्वास्थ्य संस्थाका कम्तिमा २ जना कर्मचारीहरु एच. ए . वा सि.एम.ए. र अ.न.मी. खटाई संचालन गरिनेछ ।

४.३ कार्यक्रम संचालन गर्दा सम्बन्धित वडा कार्यालय र महिला स्वास्थ्य स्वयम सेविकाहरुको समन्वय तथा सहयोगमा यो कार्यक्रम गरिनेछ ।

४.४ यो कार्यक्रमको लागि आवश्यक औषधी, तथा उपकरणहरु सबन्धित वडाको स्वास्थ्य संस्थाले ब्यबस्था गर्नुपर्नेछ ।

४.५ यो कार्यक्रम संचालन गर्दा खाजा खर्च वापत प्रति ब्यक्ति रु. १००/- (कर्मचारी र म.स्वा.स्व.से, ) र औषधी उपकरणहरुको ढुवानीको लागि बढीमा रु.१०००/- प्रदान गरिनेछ।

४.६ यो कार्यक्रम संचालन गर्दा अवस्था अनुसार ल्याब र आँखा उपचारको पनि ब्यबस्था गरिनेछ ।

४.७ कार्यक्रम संचालन गर्दा खटिने कर्मचारीको लागि दैनिक भत्ता रु.७००/- कार्यक्रम संचालन हुने दिनको मात्र र ल्याब, आँखा र अर्को स्वास्थ्य संस्थाको कर्मचारी खटाउनु परेमा दैनिक भत्ताका साथै कार्यरत वडा बाहेक अन्य वडाको लागि आतेजाते जिप भाडाको ब्यबस्था गरिनेछ।

४.८ महिला स्वास्थ्य स्वयम सेविकाको लागि सो कार्यक्रमा खटिए वापत यातायात खर्च रु. २००/- कार्यक्रम संचालन हुने दिनको मात्र ब्यबस्था गरिनेछ।

४.९ यो कार्यविधि यस कार्यक्रममा मात्र लागु हुनेछ।

**५. प्रतिवेदन पेश गर्नुपर्ने :** समुदायमा आधारित सुक्ष्म स्वास्थ्य सेवा कार्यक्रम संचालन भए पश्चात उक्त कार्यक्रममा खटिने कर्मचारीले प्रत्येक महिनाको मासिक मिटिंगमा अनुसुचिहरु १,२,३,र ४ बमोजिमको ढाँचामा प्रतिवेदन पेश गर्नुपर्नेछ।

**६. संसोधन** : यो कार्यविधी गाउँकार्यपालिकाको बैठकले आवाश्यक अनुसार संसोधन गर्न सकिनेछ।

समुदायमा आधारित सुक्ष्म स्वास्थ्य सेवा कार्यक्रमको लागि आवश्यक भरपाईहरु :

अनुसुची १

स्वास्थ्य कर्माचारीको लागि भरपाई

कार्यक्रमको नाम :

कार्यकम संचालन स्थान :

मिति :

| क्र. स. | नाम/पद | कार्यालय | यातायात खर्च | दैनिक भत्ता | | | कुल जम्मा | हस्ताक्षर |
|---|---|---|---|---|---|---|---|---|
| | | | | दर | कर कट्टी (१५%) | जम्मा | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | जम्मा | | | | | | | |

पेश गर्ने :

प्रमाणित गर्ने :

अनुसुची २

महिला स्वास्थ्य स्वयम सेविकाको लागि भरपाई

कार्यकम संचालन स्थान :

मिति :

| क्र. स. | नाम/पद | ठेगाना | सम्पर्क न. | यातायात खर्च | हस्ताक्षर | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | जम्मा | | | | | |

पेश गर्ने :

प्रमाणित गर्ने :

अनुसुची ३

औषधी खर्चको विवरण

कार्यक्रमको नाम :

कार्यकम संचालन स्थान : मिति :

| क्र.स. | औषधी/ सामानको नाम | इकाई | जम्मा परिमाण | खर्च भएको | बाँकी | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

पेश गर्ने : प्रमाणित गर्ने :

अनुसुची ४

समुदायमा आधारित सुक्ष्म स्वास्थ्य कार्यक्रमबाट सेवा लिने सेवाग्राहीको विवरण

कार्यक्रमको नाम :

कार्यकम संचालन स्थान : मिति :

| क्र.स. | नामथर | उमेर/लिङ्ग | ठेगाना | शिकायत/निदान | सम्पर्क न. | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

पेश गर्ने : प्रमाणित गर्ने :